भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ साउन ०१, २०७५

भाग-१

भेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सुचना

## आर्थिक ऐन, २०७५

**भेरीनगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना :**

**भेरी** नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस  यिकर्क वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भेरी नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन२०७५ सालश्रावण १ गतेदेखिभेरी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरीसम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम  हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :**नगरपालिका क्षेत्रभित्र दफा २ बमोजिमको सम्पत्ति कर लागु भईसकेकोले जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (२) मा उल्लेख भएबमोजिम  हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

**५. व्यवसाय करः** (१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ ।इजाजत प्राप्त  व्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृवा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवस यिकक ारोवार गरेवापतअनसूची (५) बमोजिमजडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरण:*यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवस  यिकक ारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी  इजाजत दिनेछ ।

**७. सवारी साधन करः**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशलेसवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथास्कुटरमा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन करः**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन करः**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिमनगरपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम नगरपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची -९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड -क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकालेन्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड -ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकालेत्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

११. **पार्किङ्ग शुल्कः**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः**(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१३. विक्री तथा निकासी शुल्क :**(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकालेआफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

**१४.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१५. दण्ड जरिवाना :**(१)नगरपालिकालेनिर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकालेउपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१६. कर छुट :**(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :**(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८.**ठेक्का आह्वान गर्न सक्ने :**(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०६४ ( संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. **सहयोग गर्नुपर्ने :**संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :**नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. **कार्यविधि बनाउन सक्ने :**(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुने :**यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची १

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

# सम्पत्ति करको दर

### एकिकृत सम्पत्ति करको दर विवरण

| क्र.स | सम्पत्तिको मुल्य रु | | सम्पत्ति कर रु | कर प्रतिशत | टिप्पनी र कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| 1 | 100000 | 2,00,000.00 | 25 | 0 | |
| 2 | 2,00,001.00 | 3,00,000.00 | 50 | 0 | |
| 3 | 3,00,001.00 | 4,00,000.00 | 75 | 0 | |
| 4 | 4,00,001.00 | 5,00,000.00 | 100 | 0 | |
| 5 | 5,00,001.00 | 6,00,000.00 | 125 | 0 | |
| 6 | 6,00,001.00 | 7,00,000.00 | 150 | 0 | |
| 7 | 7,00,001.00 | 8,00,000.00 | 175 | 0 | |
| 8 | 8,00,001.00 | 9,00,000.00 | 190 | 0 | |
| 9 | 9,00,001.00 | 10,00,000.00 | 200 | 0 | |
| 10 | 10,00,001.00 | 12,00,000.00 | 250 | 0 | |
| 11 | 12,00,001.00 | 14,00,000.00 | 300 | 0 | |
| 12 | 14,00,001.00 | 16,00,000.00 | 350 | 0 | |
| 13 | 16,00,001.00 | 20,00,000.00 | 380 | 0 | |
| 14 | 20,00,001.00 | 22,00,000.00 | 400 | 0 | |
| 15 | 22,00,001.00 | 24,00,000.00 | 500 | 0 | |
| 16 | 24,00,001.00 | 26,00,000.00 | 550 | 0 | |
| 17 | 26,00,001.00 | 28,00,000.00 | 650 | 0 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 18 | 28,00,001.00 | 30,00,000.00 | 800 | 0 | |
| 19 | 30,00,001.00 | 32,00,000.00 | 1,000.00 | 0 | |
| 20 | 32,00,001.00 | 34,00,000.00 | 1,200.00 | 0 | |
| 21 | 34,00,001.00 | 36,00,000.00 | 1,500.00 | 0 | |
| 22 | 36,00,001.00 | 38,00,000.00 | 2,000.00 | 0 | |
| 23 | 38,00,001.00 | 42,00,000.00 | 2,500.00 | 0 | |
| 24 | 42,00,001.00 | 46,00,000.00 | 3,000.00 | 0 | |
| 25 | 46,00,001.00 | 50,00,000.00 | 3,500.00 | 0 | |
| 26 | 50,00,001.00 | 60,00,000.00 | 4,500.00 | 0 | |
| 27 | 60,00,001.00 | 70,00,000.00 | 6,000.00 | 0 | |
| 28 | 70,00,001.00 | 80,00,000.00 | 8,000.00 | 0 | |
| 29 | 80,00,001.00 | 1,00,00,000.00 | 10,000.00 | 0 | |
| 30 | 1,00,00,001.00 | 1,20,00,000.00 | 12,000.00 | 0 | |
| 31 | 1,20,00,001.00 | 1,60,00,000.00 | 16,000.00 | 0 | |
| 32 | 1,60,00,001.00 | 2,00,00,000.00 | 20,000.00 | 0 | |
| 33 | 2,00,00,001.00 | 2,20,00,000.00 | 25,000.00 | 0 | |
| 34 | 2,20,00,001.00 | 3,20,00,000.00 | 40,000.00 | 0 | |
| 35 | 3,20,00,001.00 | 4,00,00,000.00 | 50,000.00 | 0 | |
| 36 | 4,00,00,001.00 | 5,00,00,000.00 | 60,000.00 | 0 | |
| 37 | 5,00,00,001.00 | dfly | 0 | 0.2 | |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## अनुसूची २

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा प्रदेश सरकारले लागु गर्ने कर बाहेक २ प्रतिशतका दरले बहाल कर लिइने छ ।

**अनुसूची ३**

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

## व्यबसायइजाजत -दर्ता नबिकरण) दस्तुरको दर

| क्रम संख्या | व्यबसायको किसिम | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| १. | ऐनमा उल्लेख नभएका नयाँ व्यवसाय दर्ता | 1000 | |
| २. | व्यवसाय नवीकरण | 500 | |
| ३. | व्यवसाय नवीकरण थप दस्तुर सहित | 700 | |

## अनुसूची ४

(ऐनको दफा ५ को उपदफा(५) संग सम्बन्धित)

## ब्यबसायकरको दर

| क्रम संख्या | व्यबसायको किसिम | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| १. | खुद्रा साना पसल | ५०० | |
| २. | मिठाई पसल | ५०० | |
| ३. | तरकारी तथा फलफुल | ५०० | |
| | होटल तथा रेष्टुरेन्ट | | |
| | २० लाख भन्दा बढी पूँजी भएका | १०००० | |
| | २० लाख सम्म पूँजी भएका | ७५०० | |
| | १० लाख सम्म पूँजी भएका | ५००० | |
| | ५ लाख सम्म पूँजी भएका | ३००० | |
| ४. | पेट्रोल, मट्टीतेल र डिजेल विक्रि पसल | ५००० | |
| ५. | पेट्रोल पम्प | ३०००० | |
| ६. | चुरोट तथा सुर्तीजन्य व्यवसाय | | |
| | क. न.पा क्षेत्र भित्र प्रधान कार्यालय भएका (२० लाख भन्दा माथि पुँजि) | २०००० | |
| | ख. न.पा क्षेत्र भित्र शाखा कार्यालय -डिलर) भएका (१० लाख सम्म पुँजि) | १०००० | |
| | ग. न.पा क्षेत्र भित्र काउन्टर मात्र भएका -फुटकर विक्रेता) ५ लाख सम्मको पुँजी) | २००० | |
| ७. | मदिरा पसल तथा कोल्ड स्टोर्स | | |
| | क. २० लाख भन्दा माथि पुँजी भएका | २०००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | १२००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | ८००० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | ५००० | |
| ८. | काँचो तथा फेन्सी कपडा पसल र श्रृंगार पसल समेत | | |
| | क. २० लाख भन्दा माथि पुँजी भएका | ५००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | ४००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | २५०० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | १५०० | |
| ९. | किराना तथा खाद्यन्न पसल | | |
| | क. २० लाख भन्दा माथि पुँजी भएका | ५००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | ३००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | २००० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | १००० | |
| १०. | भाँडा पसल | | |
| ११. | क. २० लाख भन्दा माथि पुँजी भएका | ५००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | ३००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | २००० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | १५०० | |
| १२. | ग्याँस डिलर | २५०० | |
| १३. | फर्निचर उद्योग -स्टिल तथा काठ) | | |

| | | | |
|---|---|---|---|
| | क. २० लाख भन्दा माथि पुँजी भएका | १०००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | ७००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | ४००० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | २५०० | |
| १४. | कुटानी पिसानी मिल | २००० | |
| १५. | समिल | ६००० | |
| १६ | छाला जुत्ता बनाउने तथा विक्रि गर्ने पसल | १००० | |
| १७. | एग्रोभेट -मल तथा विउविजन विक्री गर्ने समेत) | १००० | |
| १८. | घरेलु उद्योग -चाउमिन, दालमोट, मसाला आदी) | | |
| | क. २० लाख भन्दा माथि पुँजी भएका | ५००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | २००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | १५०० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | १००० | |
| २९. | मोटरसाइकल विक्री शो रुम | १०००० | |
| २०. | ग्यारेज -मोटरसाइकल तथा गाडी) | ५००० | |
| २१. | ग्यारेज र शोरम दुबै भएको | १५००० | |
| २२. | विद्युत सामाग्री विक्री पसल | २००० | |
| २३. | ग्रील उद्योल | ५००० | |
| २४. | मोबाइल विक्री तथा मर्मत पसल | २५०० | |
| २५. | हार्डवयर पसल | | |
| | क. २० लाख भन्दा माथि पुँजी भएका | २०००० | |
| | ख. २० लाख सम्म पुँजी भएका | १५००० | |
| | ग. १० लाख सम्म पुँजी भएका | १०००० | |
| | घ. ५ लाख सम्म पुँजी भएका | ५००० | |
| २६. | कम्प्यूटर विक्री तथा मर्मत पसल | ३५०० | |
| २७. | औषधी पसल | ५००० | |
| २८. | सहकारी तथा सामुदायिक उपचार केन्द्र | २००० | |
| २९. | निजि चिकित्सालय तथा दन्त उपचार केन्द्र | ३००० | |
| ३०. | माछा मासु विक्री पसल | १००० | |
| ३१. | डेरी पसल | ५०० | |
| ३२. | हजाम -हेयर कटिङ) पसल | १५०० | |
| ३३. | टेलर्स पसल -सिलाउने मात्र) | | |
| | क. सिलाई मेशिन २ सम्म | १००० | |
| | ख. सिलाई मेशिन ५ सम्म | २५०० | |
| | ग. सिलाई मेशिन ५ भन्दा माथि | ४००० | |
| ३४. | छापाखाना | ३००० | |
| ३५. | फोटो स्टुडियो | १००० | |
| ३६. | आर्ट पसल | १५०० | |
| ३७. | फोटो तथा लेमिनेसल पसल | १००० | |
| ३८. | प्राविधिक शिक्षण सेवा -अनुमति प्रतिकक्षा) | | |
| | क. पूर्व प्रा.वि  प्रतिकक्षा | ५००० | |
| | ख. आधारभुत -कक्षा ५ सम्म) प्रतिकक्षा | ७५०० | |
| | ग. आधारभुत कक्षा ८ सम्म प्रतिकक्षा | ९००० | |
| | घ. मा.वि कक्षा १२ सम्म प्रतिकक्षा | १२००० | |
| ३९. | प्राविधिक शिक्षालय | १२००० | |

| | | | |
|---|---|---|---|
| ४०. | उच्च शिक्षा | १५००० | |
| ४१. | कम्प्यूटर इन्स्चियूट | ५००० | |
| ४२. | कोचिगं तथा ट्युसन सेन्टर | ५००० | |
| ४३. | लेखापढी व्यवसाय | २००० | |
| ४४. | क्रसर उद्योग -वार्षिक) | ५०००० | |
| ४५. | घुमन्ते व्यावसाय -गोदाम भएको) | ५००० | |
| ४६. | घुमन्ते व्यावसाय -गोदाम नभएको) | २५०० | |
| ४७. | निजि टेलिफोन टावर (प्रतिटावर) | | |
| | १. स्थापना -प्रतिटावर) | १०००० | |
| | २. वार्षिक कर (प्रतिटावर) | ५००० | |
| ४८. | भेरी नगरपालिकाक्षेत्रको सडक किनार, फुटपाथ, सार्वजनिक जग्गा आदिमा ने.वि.प्रा. र ने. टेलिकम आदिको पोल, क्याविनेट, तारवार, ट्रान्सफरमर आदि राखि तार लाईन विस्तारमा निम्न अनुसार शुल्क लिने | | |
| क. | नेपाल टेलिकमको | | |
| | १. साधारण प्रति पोलको | ५० | |
| | २. तारलाईन प्रतिमिटर | .०५ | |
| | ३. क्याविनेट एकको | २०० | |
| ख. | विद्युत सम्बन्धी | | |
| | १. केन्द्रिय लाईन एक पोलको | १५०० | |
| | २. साधारण पोल भएको | ४०० | आ.व. २०७५।७६ देखि नयाँ प्रस्तावित |
| | ३. ट्रान्सफरमर एकको | ४०० | |
| | ४. तार लाई प्रति मिटर | .०५ | |
| ४९. | सडक पिच तथा ग्राभल कटिङ शुल्क | | |
| | क. मुख्य बाटो पिच कटिङ्ग शुल्क | ६००० | |
| | ख. सहायक बाटो पिच कटिङ्ग शुल्क | ४००० | |
| | ग. ग्राभेल बाटो कटिङ्ग शुल्क | १००० | |
| | घ. कच्ची बाटो कटिङ्ग शुल्क | ५०० | |
| ५०. | वित्तिय सेवा | | |
| | क. वाणिज्य वैंक शाखा | १५००० | |
| | ख. विकास बैंक शाखा | १०००० | |
| | ग. विमा कम्पनी शाखा | १५००० | |
| | घ. लघुवित्त संस्था | ५००० | |
| ५१.. | सहकारी | | |
| | क. बहुउद्धेशिय | २५०० | |
| | ख. बचत तथा ऋण | १५०० | |
| | ग. कृषि | ५०० | |
| ५२. | निर्माण व्यवसायी | | |
| | क श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | २५००० | |
| | ख श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | १५००० | |
| | ग श्रेणिका रजिष्टर्ड न.पा भित्र कार्यालय रहेका | १०००० | |
| ५३. | “घ” वर्गको निर्माण व्यवसायी इजाजत | | |
| | क. नयाँ दर्ता | ५०००० | संशोधित |
| | ख. नविकरण | ५००० | |
| | ग. नविकरण थप दस्तुर | १०००० | |
| | घ. दा.खा. नामसारी हकवाला बाहेकलाई | २५००० | |

| | | | |
|---|---|---|---|
| | ङ. दा.खा. नामसारी एकाघरका परिवारमा | ५००० | |
| | च. इजाजत पत्रको प्रतिलिपी | १००० | |
| ५४. | लेखा परिक्षण व्यवसाय | | |
| | क श्रेणिका रजिष्टर्ड | **५०००** | |
| | ख श्रेणिका रजिष्टर्ड | **४०००** | |
| | ग श्रेणिका रजिष्टर्ड | **३०००** | |
| | घ श्रेणिका रजिष्टर्ड | **२०००** | |
| ५५. | कानून व्यवसायी | | |
| | क. अधिवक्ता | **५०००** | संशोधित |
| | ख. अभिवक्ता | **३०००** | |
| | ग. नोटरी पब्लिक सहित कानून व्यवसाय | **६०००** | |
| | घ. साधारण लेखापढि व्यवसाय | **२०००** | |
| ५६. | चश्मा पसल | **१५००** | |
| ५७. | पत्रिका तथा स्टेशनरी पसल ५ लाख भन्दा बढि पुँजी भएको | **३०००** | |
| ५८. | पत्रिका तथा स्टेशनरी पसल ५ लाख सम्म पुँजी भएको | **१५००** | |
| ५९. | **सुनचाँदी व्यवसाय** | | |
| | क. २० लाख भन्दा माथि | **२५०००** | संशोधित |
| | ख. २० लाख सम्म | **१८०००** | |
| | ग. १० लाख सम्म | **८०००** | |
| | घ. ५ लाख सम्म | **५०००** | |
| ६०. | बैदेशिक रोजगार कम्पनी वा सम्पर्क केन्द्र | **१००००** | |
| ६१. | प्राविधिक तथा सामाजिक परामर्श केन्द्र | **५०००** | |
| ६२. | आइ.एम.इ. तथा मनि टान्सफर | **३०००** | |
| ६३. | विज्ञापन एजेन्सी | **१५००** | |
| ६४. | कन्सल्टेन्सी | **५०००** | |
| **६५.** | **घट्ट कर** | | |
| | क. १२ महिना चल्ने | **५०** | |
| | ख. ९ महिना चल्ने | **४०** | |
| | ग. ६ महिना चल्ने | **३०** | |
| | घ. ३ महिना चल्ने | **२०** | |

**अनुसूची ५**

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | | |
| १. | ऊन -प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ० | |
| २. | खोटो प्रति के.जी. | १ | |
| ३. | जटिबुटीहरु (.................................................) प्रति के. जी. | १ | |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो -कुच्चो) प्रति के.जी. | १ | |
| **ख)** | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी -वियर) वोतलको साइज हेरी प्रति गोटा | ।५० | |
| २. | खाली सीसी -मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ।५० | |
| ३. | खाली सीसी -मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | ।२५ | |
| ४. | प्लाष्टिक -बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी | ।२५ | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोराप्रति गोटा | <br>।२५<br>।२५<br>।५० | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रभित गोटा | <br>।५०<br>।२५ | |
| ७. | पुनः प्रशोधन -रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु -प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्यूब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज -अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज -कार्टुन समेत) प्रति के.जी.<br>धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु -पित्तल, तामा आदि) प्रति के.जी. | <br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br>।५०<br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br><br>१<br>२ | |

| | | | |
|---|---|---|---|
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br>(घ) पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.<br>(ङ) सिसा -लिड) को धुलो वा टुक्रा प्रति के.जी.<br>(च) काँचको धुलो र टुक्रा प्रति के.जी. | १<br>।२५<br>।२५<br>।२५ | |
| **ग)** | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**<br>हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंग प्रति के.जी.<br>खूर प्रति के.जी.<br>छाला (ठूलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | <br><br>।५०<br>।२५<br>।२५<br>।२५<br>५<br>३ | |

**अनुसूची ६**

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| क.स. | सवारी साधनको किसिम | दर्ता रु | वार्षिक करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|---|
| १. | स्काभेटर | | | |
| | क. २२० सीसी माथि | 20000 | 10000 | |
| | ख. २२० सीसी भन्दा कम | 15000 | 5000 | |
| २. | हेभी | 10000 | 2500 | |
| ३. | हल्का/ट्र्याक्टर/समेत | 5000 | 1500 | |
| ४. | मोटरसाईकल | 1000 | 500 | |
| ५. | अटोरिक्सा | 3000 | 1000 | |
| ६.. | विद्युतीय रिक्सा तथा स्कुटर | 1000 | 500 | |
| ७. | सवारी पटके कर | | | |
| | ट्रक | | **100** | |
| | बस | | **50** | |
| | हल्का/ट्र्याक्टर समेत | | **25** | |
| | मोटर साईकल | | **10** | |

**अनुसूची ७**

(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| **विज्ञापन सामग्रीको किसिम** | **करको दर (रकम रु)** |
|---|---|
| ग्लोसाइनबोर्ड, डिपिएसबोर्ड२५वर्गफिटसम्मको | १२०० |
| बिज्ञापन सामग्री २५ व. फि. भन्दा बढी प्रति बर्ग फिट | ५० |
| साना किसिमका प्रचार बोर्ड ४ व. फि. सम्म | ४०० |
| व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिनसम्मको | ८ |
| व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन बढीको | ६ |
| वालपेन्टविज्ञापनप्रतिवर्गफिट | ५ |

**अनुसूची ८**

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर

| क.स. | मनोरञ्जन व्यबसायको किसिम | वार्षिक करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्को पाँच प्रतिशत | |
| २. | जादू, सर्कस, चटक | दैनिक पाँच सय | |
| ३. | डिस लाईन | ५००० | |

**अनुसूची ९**

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| क्र.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो -जि.स्वा.का.समेतको)स्वामित्वमा रहेका | | |
| | क) भवन प्रति कोठा/सटर | 6000 | मासिक न्युनतम |
| | ख) माथिल्लो तलाको प्रति कोठा | 1500 | मासिक न्युनतम |
| | ख) जग्गा प्रति कठ्ठा/रोपनी | 1000 | बार्षिक न्युनतम |
| | ग) अन्य सम्पत्ति -इक्वीपमेन्ट भाडा सम्वन्धी शुल्क) | | |
| | • जेसीवी (ड्राईभर भत्ता र इन्धन बाहेक) | 1500 | प्रतिघण्टा |
| | • ट्रिपर (ड्राईभर भत्ता र इन्धन बाहेक) | 5000 | प्रतिदिन |
| | • ट्रयाक्टर (ड्राईभर भत्ता र इन्धन बाहेक) | 2500 | प्रतिदिन |
| | • सेफ्टी ढयांकी सफा गरेको | 2500 | प्रति पटक |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका | | |
| | क) अस्थाई टहरा प्रति गोटा | 100 | मासिक |
| | ख) छाप्रा प्रति गोटा | 100 | मासिक |
| | ग) पसल प्रति गोटा | 1000 | मासिक |
| | घ) आवास प्रति बर्गफीट | 1 | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल | 100 | एक पटकको |
| ४. | अन्य | | |

## अनुसूची १०

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | २० | |
| | ख) ट्रक, ट्याक्टर | २० | |
| | ग) जीप, कार, भ्यान | १५ | |
| | घ) मोटरसाईकल | १० | |
| | ङ) साइकल | ५ | |
| | च) गाडा -गोरु वा अन्य) | ५ | |
| २. | बस पार्कमा पार्किङ्ग गरिने | | |
| | क) बस, मिनीबस | १० | |
| | ख) ट्रक, ट्याक्टर | १० | |
| | ग) जीप, कार, भ्यान | ५ | |
| ३. | अन्य सवारी | | |
| | क) हेभी-जेसिवी, डोजर (उल्लेख नभएका सबै) आदि | २५ | |

**अनुसूची ११**

(ऐनको दफा १२ को उप
दफा(१), (२) र (३) संग सम्बन्धित)

## सेवा शूल्क, दस्तुरको दर

| क्र.स | विवरण | | प्रस्तावित दर रु | पुष्ट्याई |
|---|---|---|---|---|
| १ | निवेदन दस्तुर | | २५ | |
| २ | **नागरिकता सिफारिस** | | | |
| | क | बंशज | ५० | |
| | ख | जन्म सिद्ध | १००० | |
| | ग | बैवाहिक अंगिकृत | २००० | |
| ३ | व्यक्तिगत घटना **-पञ्जीकरण)** दर्ता (म्याद नाघेका मात्र) | | ५० | |
| ४ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्र प्रतिलिपी | | ५० | |
| ५ | जन्म, मृत्य, विवाह प्रमाणित | | ३०० | |
| ६ | नाम, थर तथा जन्म मिति संशोधन सिफारिस | | ३०० | |
| ७ | मुहान दर्ता सिफारिस | | १५०० | |
| ८ | उपभोक्ता समिति गठन सिफारिस | | १५०० | |
| ९ | योजना माग सिफारिस | | ५०० | |
| १० | अंशबण्डा -दा.खा) सिफारिस | | ५०० | |
| ११ | नाता प्रमाणित दस्तुर | | २०० | |
| १२ | वसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | | २०० | |
| १३ | बसोवास प्रमाणित -वैदेशीक प्रयोजन) | | १००० | |
| १४ | रुख काट्ने सिफारिस प्रति गोटा | | १०० | |
| १५ | रुखको हाँगा काटने सिफारिस | | २०० | |
| १६ | अन्य सवै प्रयोजनका सर्जमिन मुचुल्का | | ५०० | |
| १७ | अन्य सामान्य सिफारिस (नेपाली) | | १०० | |
| १८ | अंग्रेजीमा सामान्य सिफारिस | | ५०० | |
| १९ | सवै किसिमका कागजातको प्रतिलिपि -मुद्धाको हकमा प्रतिपाना ३ रुपैयाँ मात्र लाग्ने छ ।) | | ५० | **प्रति पेज** |
| २० | सार्वजनिक, निजी, सरकारी जग्गा छुट्याएको शुल्क | | १००० | |
| २१ | विद्युत लाइन जडानको सिफारिस | | १००० | |
| २२ | निजीधारा वा टेलिफोन जडान सिफारिस | | ५०० | |
| २३ | बैदशिक रोजगारीको लागि सिफारिस | | ५०० | |
| २४ | वैदेशिक प्रयोजनका लागि सम्पत्ती मुल्यांकन सिफारिस (प्रतिहजार) | | २ | |

| | | | | |
|---|---|---|---|---|
| २५ | | परिवार ल्याएको/लगेको सिफारिस | ३०० | |
| २६ | | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० | |
| २७ | | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० | |
| २८ | | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | २५०० | |
| २९ | | अपुताली सिफारिस (नेपालका लागि) | १००० | |
| ३० | | अपुताली सिफारिस (विदशको लागि) | २००० | |
| ३१ | | विवाह दर्ता सिफारिस (विदेशीसंग) | १००० | |
| ३२ | | नाफामुलक सस्था दर्ता/नविकरण सिफारिस | १००० | |
| ३३ | | सेवामुलक सस्था दर्ता/स्वदशी प्रयोजन | ३०० | |
| ३४ | | मोही नामसारी सिफारिस | २०० | |
| ३५ | | सम्बन्ध विच्छदको सिफारिस | २५० | |
| ३६ | | मिलापत्र | ५०० | दुवै पक्षबाट २५० का दरले |
| ३७ | | व्यवसाय दर्ता सिफारिस (सर्जमिन बाहेक) | १५०० | |
| ३८ | | व्यवसाय दर्ता सिफारिस (सर्जमिन सहित) | २५०० | |
| ३९ | | मदिरा विक्री अनुमतिका लागि सिफारिस | २५०० | |
| | | क्रसर उद्योग -सिफारिस) | २५००० | |
| | | निजि वन दर्ता सिफारिस | १५०० | |
| | | सिफारिस (प्रतिटावर) | ५००० | |
| ४० | | **चार किल्ला प्रमाणित** | | |
| | क | बजार क्षेत्र | १००० | |
| | ख | ग्रामिण क्षेत्र | ७५० | |
| ४१ | | **उद्योग स्थापना सिफारिस** | | |
| | क | ठुला उद्योगका लागि | ३००० | |
| | ख | मझौला उद्योगका लागि | २००० | |
| | ग | साना तथा घरेलु उद्योगका लागि | १००० | |
| | घ | सेलर मिल स्थापना सिफारिस | २५०० | |
| ४२ | | **कार्य सम्पन्न सिफारिस** | | |
| | क | ५० लाख भन्दा माथि | १०००० | |
| | ख | २० लाख देखि ५० लाख सम्म | ५००० | |
| | ग | ५ लाख देखि २० लाख सम्म | ३००० | |
| | घ | ५ लाख सम्म | १००० | |
| ४३ | | **विद्यालय खोल्ने सिफारिस (निजि तथा संस्थागत)** | | |
| | क | पुर्व प्रावि र आधारभुत प्रतिकक्षा | ५००० | |
| | ख | आधारभुत कक्षा ८ सम्म प्रतिकक्षा | ७५०० | |
| | ग | मावि कक्षा प्रतिकक्षा | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| | **घरबाटो सिफारिस** | | | |
| **४४** | क | बजार क्षेत्र | **१०००** | |
| | ख | ग्रामिण क्षेत्र | **५००** | |
| **४५** | पक्की घरको सर्जमिन वापत | | **१०००** | |
| **४६** | नयाँ घर निमाण गर्दा भौतिक पुर्वाधार सुधार शुल्क | | **५००** | |
| **४७** | **नक्सा पास दस्तुर** | | | |
| **४८** | क | निवेदन दस्तुर | **१५००** | |
| | | क्र.स. घरको बनावट राजमार्ग/बजार क्षेत्र भित्र अन्य क्षेत्र | | |
| | | आर.सि.सि.ढलान | | |
| **४९** | | १ भुई तला प्रति वफि४ ३ | | |
| | | २ प्रथम तला प्रति वफि ५ ४ | | |
| | | ३ दोश्रो तथा सो भन्दा माथि प्रति वफि ५ | | |
| | ख | इटा तथा ढुंगा र माटोको जोडाई र जस्ता तथा स्लेटको छाना भएका | | |
| | | सबै तलाको प्रति वफि१ ०.५ | | |
| | **नक्सा नामसारी दस्तुर** | | | |
| | क | पक्की दुई तला भन्दा वढीका लागि | **३०००** | |
| | ख | पक्कीघर एकतला नक्सा नामसारी | **१५००** | |
| **५०** | ग | कच्ची घर (ढुंगामाटोको जोडाइ जस्ताको छाना) नक्सा नामसारी | **५००** | |
| | घ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | **२००** | |
| | ङ | अस्थायी टहरा निर्माणको इजाजत दुस्तर | **२५००** | |
| | नक्साको प्रतिलिपि प्रमाणित | | **१५००** | |
| | नक्सा पासको प्रमाणपत्रको प्रतिलिपि | | **१५००** | |
| | *माथिको ख देखि सम्मको शुल्क कच्ची घरको हकमा आधा मात्र लाग्ने छ ।* | | | |
| **५१** | **घर निर्माण सम्पन्न प्रमाणपत्र शुल्क** | | | |
| **५२** | क | २ हजार व.फि भन्दा माथिको) | **७५००** | |
| **५३** | ख | १ हजार व.फि भन्दा माथिको) | **५०००** | |
| **५४** | ग | १ हजार व.फि सम्म) | **३०००** | |
| **५५** | घ | कच्ची घर | **५००** | |
| **५६** | घर कायम -पक्की घर) | | **१०००** | |
| **५७** | घर कायम -कच्ची घर) | | **५००** | |
| **५८** | छुट जग्गा दर्ताका सिफारिस दस्तुर | | **१०००** | एक रोपनी भन्दा माथि प्रति रोपनी थप रु.१००। |

| | | | | |
|---|---|---|---|---|
| **५९** | **सम्पन्न भएका घरहरुको अभिलेखकरण शुल्क** | | | |
| | क | पूर्ण कच्ची घर | **१००** | |
| | ख | ढुंगा वा टिनको छाना भएको | **३००** | |
| | ग | पक्की घरको हकमा नक्सा पास बमोजिम नै लाग्ने छ | | |
| **६०** | **विद्यालय खोल्ने सिफारिस (सामुदायिक)** | | | |
| | क | आधारभुत कक्षा ५ सम्म प्रतिकक्षा | **५००** | |
| | ख | आधारभुत कक्षा ८ सम्म प्रतिकक्षा | **७५०** | |
| | ग | मा वि कक्षा १२ सम्म प्रतिकक्षा | **१०००** | |
| **६१** | **सभाहल भाडा -प्रतिदिन)** | | | |
| | क | सरकारी कार्यालयका लागि | **१०००** | |
| | ख | संघ संस्थाका लागि | **१५००** | |
| | ग | अन्तर्राष्टिय संघ संस्थाका लागि | **२०००** | |
| **६२** | मल्टिमिडिया प्रयोग गरे वापत -प्रतिदिन) | | **७००** | |
| **६३** | **सहकारी, समुह तथा संघ संस्था दर्ता सिफारिस** | | | |
| | क | समुह दर्ता शुल्क | **५००** | |
| | ख | सहकारी दर्ता शुल्क | **१५००** | |
| | ग | संस्था दर्ता सिफारिस | **१५००** | |

## अनुसूची १२

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

## विक्री तथा निकासी शुल्क दस्तुरको दर

| | | | |
|---|---|---|---|
| | **प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घ.मी. :** | **दर रु** | **पुष्ट्याई** |
| १. | क) ढुंगा | **100** | |
| | ख) गिट्टी | **100** | |
| | ग) बालुवा | **100** | |
| | घ) माटो | **30** | |
| | ङ) काठ दाउरा क्यु.फि. | **10** | |
| | च) जराजुरी क्यु.फि. | **5** | |
| | छ) स्लेट व.फि. | **0.5** | |
| २. | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको **निकासी कर प्रति घनमिटर**ः | | |
| | क) ढुंगा, गिट्टी, बालुवा, | **6** | |
| | ख) माटो | **4** | |
| | ग) काठ दाउरा | **4** | |
| | घ) जराजुरी | **4** | |
| | ङ) स्लेट वर्गफिट | **1** | |

**आज्ञाले,**
**डिल्ली राज वेल्वासे**
**प्रमुख प्रशासकीय अधिकृत**